ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
**British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal**

**माननीय श्री बदन भण्डारीज्यू,** **मिति: २०८३/०१/२५**
**रा.स्व.पा.** संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौँ, नेपाल।

## विषय: संविधान संशोधनमार्फत ब्रिटिस गोर्खाहरूको "वंशजको नेपाली नागरिकता" निरन्तरताका लागि ऐतिहासिक पहल गर्न अनुरोध।

### माननीयज्यू,

नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता र अन्तर्राष्ट्रिय प्रतिष्ठाको रक्षाका लागि **"वीर गोर्खा"** का रूपमा विश्वभर चिनिएका ब्रिटिस गोर्खाहरूको एउटा गम्भीर र न्यायोचित मुद्दामा यहाँको विशेष ध्यान आकृष्ट गराउन चाहन्छौँ।

**विगत दुई शताब्दीभन्दा बढी समयदेखि राष्ट्रिय नीति र अन्तर्राष्ट्रिय सन्धि-सम्झौता (सन् १८१६ सुगौली सन्धि र १९४७ को त्रिपक्षीय सन्धि लगायतका) को जगमा उभिएर नेपाली नागरिककै रूपमा बेलायती सेनामा भर्ती भई नेपालको सार्वभौमिकता जोगाउदै, देशको इज्जत बढाउने गोर्खाहरु आज आफ्नै मातृभूमिमा "पहिचानको संकट" सँग जुधिरहेका छन् । राज्यको रणनीतिक आवश्यकता र दायित्व निर्वाह गर्ने क्रममा सिर्जना भएको विशेष परिस्थितिका कारण प्राप्त भएको विदेशी आवासीय अधिकार (अंगिकृत नागरिकता) लाई आधार मानी गोर्खाहरूको "वंशजको नेपाली नागरिकता" खारेज हुनु कुनै दृष्टिकोण बाट न्यायसंगत छैन । यस सन्दर्भमा, "ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति" (BGNCCC-UK/Nepal) निम्न बुँदाहरूमा यहाँको निर्णायक हस्तक्षेप र विधायीकी पहलको अपेक्षा गर्दछ।**

### •विशिष्ट परिस्थितिको पहिचान:

गोर्खाहरू रहरले वा व्यक्तिगत स्वार्थका लागि विदेश पलायन भएका आप्रवासी होइनन्। राज्यले नै सन्धिमार्फत वैदेशिक सैन्य सेवामा पठाएका हुनाले र आजपनि सोही सन्धि मार्फत बार्षिक सयौं युवाहरु ब्रिटिस सेनामा भर्ती भईरहेकाले उनीहरूलाई आम **"गैर-आवासीय नेपाली" (NRN)** को परिभाषाभित्र खुम्च्याउनु खोज्नु ऐतिहासिक गल्ती हुनेछ । सरकारले आफ्नो नागरिक सन्धि सम्झौता गरेर बैदेशिक सैन्य सेवामा पठाउने तर उनिहरुको नेपाली राष्ट्रियता (नागरिकता) सुनिश्चितताको ब्यबस्था नगर्ने हो भने, नागरिक बेच बिखन को प्रश्न पनि उठ्न सक्दछ।

### •संविधान संशोधनमा समावेश गरिनुपर्ने:

हाल देशमा संविधान संशोधनको बहस चलिरहेको सन्दर्भमा,नेपालको संविधानको भाग २ (नागरिकताको महल) मा छुट्टै धारा थप गरी तथा नागरिकता सम्बन्धी अन्य प्रावधानहरुमा परिमार्जन गरी **"एक पटकको नेपाली, सधैँको नेपाली"** भन्ने भावना अनुरुप ***"ब्रिटिस गोर्खा र गोर्खा सन्ततिहरूले बेलायती अंगीकृत नागरिकता प्राप्त गरे तापनि उनीहरूको वंशजको नेपाली नागरिकता यथास्थितिमा निरन्तर कायम रहनेछ साथै, ब्रिटिस गोर्खाका नेपाल बाहिर जन्मने भावी सन्ततिहरूले समेत वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने कानुनी बाटो प्रशस्त गरिनेछ"*** । भन्ने स्पष्ट संबैधानिक एवं कानुनी

ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal

व्यवस्थाको सुनिश्चितता गरिनु पर्दछ।

**•प्राकृतिक न्याय र अधिकार:**

कार्यप्रकृतिका कारण परिस्थितिबस ब्रिटिस अंगीकृत नागरिकता लिए पनि गोर्खाहरूको मन, मुटु र माटोप्रतिको निष्ठा सधैँ नेपालसँगै छ। उनीहरूको पुर्ख्यौली सम्पत्ति र पहिचानको अधिकार खोसिनु "प्राकृतिक न्यायको सिद्धान्त" विपरीत छ।

**•सन्ततिको अधिकार:**

विदेशमा जन्मिएका गोर्खा सन्ततिहरूलाई समेत नेपालको मूल प्रवाहमा जोड्न र उनीहरूको विज्ञतालाई देश विकासमा लगाउन **"वंशजको आधारमा"** नागरिकता प्राप्त गर्ने ढोका खुला राखिनु पर्दछ।

**माननीयज्यू,**

तपाईँ जननिर्वाचित प्रतिनिधि हुनुभएको नाताले, यो अन्यायपूर्ण अवस्थाको अन्त्य गर्न सदनमा बुलन्द आवाज उठाइदिनुहुन र आगामी कानुन निर्माण वा संविधान संशोधनको प्रक्रियामा गोर्खाहरूको पक्षमा निर्णायक भूमिका खेलिदिनुहुन हामी विनम्र अनुरोध गर्दछौँ। गोर्खाहरूकै बलिदानबाट जोगिएको **सार्वभौमसत्ता सम्पन्न देश (Sovereign Country)** नेपालमा आफ्नै वीर सन्तानहरु **"अनागरिक"** बन्नुपर्ने छैन भन्नेमा हामी विश्वस्त छौँ। धन्यवाद

| | | |
|---|---|---|
| **फुर्बा गर्ज शेर्पा** | **होम किरात सुनुवार** | **सन्तोष थलङ** |
| संयोजक - नेपाल | महा सचिव - यूके/नेपाल | प्रमुख संयोजक - यूके/नेपाल |
| BGNCCC-UK /Nepal | BGNCCC-UK /Nepal | BGNCCC-UK /Nepal |
| Mob: 9861748173 | Mob: 9811550496 | Mob: 044-7961830312 (Uk) |

phurba.sherpa3547@gmail.com hom6130@gmail.com sthalang@yahoo.co.uk

WWW.BGNCCC.COM I BGNCCC-UK/Nepal Registered Number: 13120428 Established: July 6th 2014
Tel: Co-Ordinator BGNCC-UK/Nepal: +44 (0) 7340 465925, General Secretary: +44 (0) 7737 285313 Email: hom6130@gmail.com

| | | | |
|---|---|---|---|
| Chief Co-Ordinator UK/Nepal: | Mr Santosh Thalang | Co-Ordinator UK/Nepal: | Mr Hari Bahadur Gurung |
| General Secretary UK/Nepal: | Mr Hom Kirat Sunuwar | Co-Ordinator - Nepal: | Mr Phurba Garja Sherpa |
| Vice Co-Ordinator/MediaSec: | Mr Gopal Giri | Vice Co-Ordinator: | Mr Popiraj Rai |
| Vice Co-Ordinator: | Mr Dhan Ghale | Treasurer: | Mr Man Bahadur Limbu |
| Secretary: | Mr Hindu Kumar Moktan | Joint Treasurer: | Mr Guna Raj Rai |
| Joint Media Secretary: | Mr Nayandra Rai | Public Relations: | Mr Dilip Mohora |